# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १२९ | काठमाडौं | बिहीबार, १३ भदौ २०८१ | Prabhab National Daily | Thursday, August 29, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## महिना दिनमै चार अर्ब १९ करोड बिजुली निर्यात

- प्राधिकरणको प्रणालीमा हाल झण्डै तीन हजार ३०० मेगावाट बराबरको बिजुली उपलब्ध
- आन्तरिकरूपमा कूल एक हजार ९२९ मेगावाट बराबरको खपत
- बिजुली भारत निर्यात गर्दा प्राधिकरणलाई उल्लेख्य आम्दानी
- विदेशी मुद्राको सञ्चिति एवं नेपाल–भारतबीचको व्यापार घाटा कम गर्न योगदान



**काठमाडौं–** आठ वर्ष पहिले लोडसेडिङको तालिका सार्वजनिक गर्ने नेपाल विद्युत् प्राधिकरणले यतिबेला महिना दिनमै बिजुली निर्यात गरेर चार अर्ब १९ करोड रूपैयाँबराबरको आम्दानी गर्न थालेको छ ।

प्राधिकरणको प्रणालीमा हाल झण्डै तीन हजार ३०० मेगावाट बराबरको बिजुली उपलब्ध छ । त्यसमध्ये आन्तरिकरूपमा कूल एक हजार ९२९ मेगावाट बराबरको खपत भइरहेको छ। यस्तै देशभित्रको कूल माग भने दुई हजार ६३३ मेगावाटबराबर रहेको प्राधिकरणले जनाएको छ । यस प्रकारको माग भने एकाध घण्टाको मात्रै हो ।

साँझ र बिहान बिजुलीको बढी माग भए पनि रातको समयमा माग घट्न जाँदा निर्यात गर्नुको विकल्प प्राधिकरणसँग छैन। रातको समयमा बढी भएको बिजुली भारत निर्यात गर्दा त्यसबाट प्राधिकरणले उल्लेख्य मात्रामा आम्दानी गर्न सफल भएको कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । चालु आर्थिक वर्षको पहिलो महिनामा नै प्राधिकरणले उक्त मूल्यबराबरको बिजुली निर्यात भएको विवरण सार्वजनिक गरेको हो ।

मुलुकभित्र खपत गरी बढी भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गरी अतिरिक्त आम्दानी गर्न प्राधिकरण सफल भएको हो । दैनिक हिसाबअनुसार साउनमा १३ करोड ११ लाख रूपैयाँबराबरको बिजुली निर्यात भएको छ । भारतसँगको विद्युत् व्यापार भारतीय रूपैयाँमा हुने गरेको छ । त्यसैले साउन महिनामा विद्युत् बिक्रीबाट मात्रै दुई अर्ब ६२ करोड १२ लाख तीन हजार भारु आम्दानी भएको छ । साउनमा निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रूपैयाँ ५१ पैसा छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले आठ वर्षअघिसम्म वर्षायाममा दैनिक आठ/नौ घण्टा र सुख्खायाममा १८ घण्टासम्मको लोडसेडिङ बेहेर्नुपर्ने अवस्थाको अन्त्य भई हाल वर्षायाममा देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् दैनिकरूपमा ७०० मेगावाटभन्दा बढी निर्यात गर्ने अवस्थामा आइपुगेको बताए ।

प्राकृतिक र प्राविधिक कारणले यदाकदा केही क्षण बत्ती जाने आउने भए पनि हाल मागअनुसार विद्युत् आपूर्ति गर्न नसकेर लोडसेडिङ गर्नुपर्ने अवस्था नरहेको उनले उल्लेख गरे । कार्यकारी निर्देशक घिसिङले भने, 'हाम्रो पहिलो प्राथमिकता देशभित्रको विद्युत् खपत बढाउने नै हो, खपत बढाउन प्रसारण र वितरण प्रणाली सुधार एवं विस्तारका कार्य अभियानकै रूपमा कार्यान्वयन भइरहेको छ । आन्तरिकरूपमा खपत गरी अतिरिक्त भएको विद्युत् छिमेकी देश भारत र बंगलादेशलाई निर्यात गरिने छ ।'

घिसिङले वर्षायाममा भारततर्फ विद्युत् निर्यात गरी उल्लेख्य विदेशी मुद्रा आर्जन हुँदा देशको विदेशी मुद्राको सञ्चिति एवं नेपाल र भारतबीचको व्यापार घाटा कम गर्नसमेत सकारात्मक योगदान पुगिरहेको जानकारी दिए ।

(क्रमशः पृष्ठ २ मा)

सहकारी ठगीसम्बन्धी छानबिन

## समस्याग्रस्त सहकारी सञ्चालकको नियतमै प्रश्न



सोधपुछको दायरामा अझै केही आरोपीलाई ल्याउन बाँकी छ । त्यसमध्ये आरोपी जिबी राई एकजना हुन् । उनीविना प्रतिवेदन अधुरोजस्तो पनि हुन्छ । यसले गर्दा पनि उनलाई सोधपुछको दायरामा ल्याउनैपर्ने आवश्यकता छ तर पक्राउ परेका छैनन् ।

**लेखनाथ दाहाल**
**सदस्य, संसदीय छानबिन विशेष समिति**



- जिबी राईको बयानविनै प्रतिवेदन लेखनमा संसदीय समिति
- जिबीसँग बयान लिए सहकारी क्षेत्रको आधा समस्या समाधान हुने दाबी
- सहकारी सञ्चालकहरूबाट दुई खर्बभन्दा बढी अपचलन !
- आरोपित व्यक्तिहरूमध्ये ५० जनासँग सोधपुछ
- विभिन्न जेलमा रहेका १९ जना अभियुक्तलाई सिंहदरबारमै झिकाएर बयान

**जेबी योञ्जन**

**काठमाडौं–** सहकारी ठगीसम्बन्धी छानबिन गर्न गठित संसदीय छानबिन विशेष समितिले आरोपीहरूसँगको सोधपुछपछि नियतबस सहकारी संस्था खोलेर बचतकर्ताहरूबाट अर्बौं ठगेको प्रारम्भिक निष्कर्ष निकालेको छ। समितिले प्रतिवेदन लेखनको काम थालेको छ ।

मुख्य आरोपी गितेन्द्रबाबु (जिबी) राई फरार रहेकाले उनीसँग सोधपुछविना नै समितिले यही २२ भदौमा बुझाउनेगरी प्रतिवेदन लेखन थालेको समिति सदस्य तथा नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले बताए । दाहालका अनुसार समिति सभापति सूर्यबहादुर थापासहित सदस्यहरूले प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि प्रतिवेदन लेखनकै क्रममा रहँदा भेटवार्ता गर्न लागेको छ ।

'हामीले अहिलेसम्म सहकारी ठगीका आरोपी सञ्चालकहरूसँग सोधपुछ गर्‍यौं, पूर्वसहकारी सचिवहरू, राष्ट्रिय सहकारी महासंघका पूर्व र वर्तमान अध्यक्ष, सहकारीविज्ञलगायत सरोकारवालासँग सोधपुछ गर्‍यौं । अब प्रधानमन्त्रीसँग परामर्श लिन्छौं,' दाहालले प्रभावसँग भने । समितिलाई सहकारी ठगीको छानबिन गर्न दिएको समयसीमा यही २२ भदौमा सकिँदै छ । तीन महिने अवधि समितिलाई छानबिन गरेर प्रतिवेदन बुझाउने दिएको थियो । उक्त अवधिमा प्रतिवेदन बुझाउन असम्भवजस्तै भइसकेको सदस्य दाहालले बताए ।

'सोधपुछको दायरामा अझै केही आरोपीलाई ल्याउन बाँकी छ । त्यसमध्ये आरोपी जिबी राई एकजना हुन् । उनीविना प्रतिवेदन अधुरोजस्तो पनि हुन्छ । यसले गर्दा पनि उनलाई सोधपुछको दायरामा ल्याउनैपर्ने आवश्यकता छ तर पक्राउ परेका छैनन्,' उनले भने, 'तर, अहिलेचाहिँ प्रतिवेदन लेखनतिर लाग्यौं ।'

समितिको मंगलबार बसेको बैठकले एक साताभित्र प्रतिवेदनको मस्यौदा तयार गरिसक्ने निर्णय नै गरेको छ । अहिलेसम्म गरेका कामको समीक्षा गर्दै एक हप्ताभित्र प्रारम्भिक प्रतिवेदन मस्यौदा तयार गरिसक्ने गरी जिम्मेवारी तोकिएको समिति सभापति सूर्य थापाले जानकारी दिए । उनले मंगलबार बसेको बैठकले अब समितिले गर्नुपर्ने कामहरूको योजनासमेत प्रस्तुत गरी पारित गरेको बताए ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

## युरोपको मागपत्र प्रमाणीकरणमा समस्या कायमै



हामीले विगत दुई तीन वर्षदेखि यो समस्या भोग्दै आएका छौं । सरकारले युरोपेली मुलुकमा कामदार पठाउन केन्द्रित हुनुपर्‍यो भन्छ, फेरि व्यवसायीले ल्याएको मागपत्र प्रमाणीकरण नगरेर अल्झाउँछ ।'

**राजेन्द्र भण्डारी**
**अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**



**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले व्यवस्था गरेअनुसार म्यानपावर कम्पनीमार्फत १११ मुलुकमा नेपालीलाई रोजगारीका लागि पठाउन सकिन्छ । सरकारी प्रावधानअनुरूप नै म्यानपावर कम्पनीहरूले नेपाली युवालाई वैदेशिक रोजगारीका लागि पठाउँदै आएका छन् ।

तर, १११ मुलुकमा पठाउन सकिने व्यवस्था भए पनि नेपालीहरूको रोजगार गन्तव्य मलेसिया र खाडी मुलुकमा मात्रै बढी केन्द्रित छ । वैदेशिक रोजगारीमा आकर्षक गन्तव्य मानिएको युरोपेली मुलुकमा पनि विस्तारै नेपाली कामदार जाने क्रम बढ्दो छ। यद्यपि, कामदारको मागपत्र प्रमाणीकरण हुन नसक्दा युरोपको रोजगारीलाई केन्द्रित गरेर म्यानपावर कम्पनीहरूले कुनै काम गर्न नसकेको वैदेशिक रोजगार व्यवसायीहरूले बताउँदै आएका छन् ।

मलेसिया तथा खाडी मुलुकहरूको मागपत्र प्रमाणीकरण निर्वाधरूपमा हुँदै आए पनि युरोपका सम्बन्धमा समस्या कायमै छ । युरोपेली मुलुक हेर्ने नेपाली कूटनीतिक नियोग (दूतावास)बाट व्यवसायीले ल्याएका मागपत्र प्रमाणीकरण नगर्दा ५० हजारभन्दा बढी रोजगारीको अवसर गुम्दै गएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'यो भर्खर आएको समस्या नभई विगत दुई तीन वर्षदेखि भोग्दै आएका छौं,' उनले भने, 'सरकारले युरोपेली मुलुकमा कामदार पठाउन केन्द्रित हुनुपर्‍यो भन्छ, फेरि व्यवसायीले ल्याएको मागपत्र प्रमाणीकरण नगरेर अल्झाउँछ ।' सरकारकै दोहोरो नीतिका कारण अहिले पनि ठूलो संख्यामा युरोपको मागपत्र प्रक्रियामै अड्किएको अध्यक्ष भण्डारीले बताए । मागपत्र प्रमाणीकरण हुन नसक्दा व्यक्तिगत श्रम स्वीकृति लिएर एजेन्ट तथा दलालहरूमार्फत १० औं लाख खर्च गरेर नेपालीहरू युरोप गइरहेका उनको भनाइ छ ।

परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीचको टकरावका कारण पनि युरोपलगायत आकर्षक गन्तव्य मुलुकका मागपत्र प्रमाणीकरणको समस्या अझै सुल्झिन सकेको छैन । वैदेशिक रोजगारीमा जाने कामदारले परराष्ट्रअन्तर्गत विदेशमा रहेका दूतावास तथा नियोगमार्फत मागपत्र प्रमाणीकरण गराउनुपर्ने व्यवस्था छ । समयमै मागपत्र प्रमाणीकरण नहुने समस्या हल गर्न भन्दै २०८१ जेठ २४ गते तत्कालीन उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले अनलाइनमार्फत मागपत्र प्रमाणीकरण हुने प्रणालीको शुभारम्भ गरेका थिए । अबुधाबीबाट सुरु गरेको उक्त प्रणाली साउन १ गतेबाट अन्य मुलुकमा लागू गर्ने भनिए पनि अझै सेवा विस्तार भएको छैन ।

तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले 'वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने (पहिलो संशोधन) कार्यविधि, २०८०' खारेज गरेका कारण मागपत्र प्रमाणीकरणमा समस्या भएको युरोप रोजगारीका लागि काम गरिरहेका एक व्यवसायी बताउँछन् । उनका अनुसार अर्यालले युरोपको खास समस्या बुझ्न नसक्दा मागपत्र प्रमाणीकरण हुन नसक्ने अवस्था आएको हो । 'उक्त कार्यविधिमा दूतावास तथा नियोगहरूले १५ दिनभित्र मागपत्र प्रमाणीकरण नगरे त्यसपछि श्रम मन्त्रालयले नै मागपत्र प्रमाणीकरण गर्न सक्ने व्यवस्था थियो । तर त्यो कार्यान्वयनमा नआई खारेज गरियो,' उनले भने ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमश:

## केही सहकारीमा...

सहकारी संस्थामा बचत भएको रकम दुरूपयोग भएको गुनासोपछि संसदीय छानबिन समिति गठन गरिएको थियो । समितिले विभिन्न सहकारी र कम्पनीको रकम दुरूपयोगमा संलग्नको रूपमा आरोपित व्यक्तिहरूमध्ये ५० जनासँग सोधपुछ गरिसकेको छ । समितिले २५ साउनबाट बयान सुरु गरेको थियो । समितिले सहकारी ठगी प्रकरणमा मुछिएका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेलाई ५१ वटा प्रश्न गरेको थियो । समितिको बयानको दायरामा पूर्वराजा ज्ञानेन्द्र शाहका ज्वाइँ राजबहादुर सिंहसँग पनि आए । उनी ललितपुरस्थित सुमेरु सहकारीका सेयर सदस्य हुन् ।

विशेष समितिको कार्यविधिअनुसार सहकारीको बचत रकम दुरूपयोग सम्बन्धमा जिम्मेवार अध्यक्ष, पदाधिकारी, सञ्चालकहरू र सेयर सदस्यसँग सोधपुछ गरिएको हो । समितिले सहकारी ठगी प्रकरणमा अदालतको आदेशअनुसार देशका विभिन्न जेलमा रहेका १९ जना अभियुक्तलाई सिंहदरबारमै झिकाएर बयान लिएको थियो । अदालतबाट धरौटीमा छुटेकासहित जेलबाहिरका ३१ जनालाई पनि समितिले बयानमा बोलाएको थियो । तीमध्ये जेलमा भएको सहकारीका सञ्चालक तथा कर्मचारीहरूले अपत्यारोलो बयान दिएका छन् । उनीहरूले जेलबाट रिहा गरिदिए जग्गा र अरू सम्पत्ति बेचेर भए पनि सहकारीको बचत फिर्ता गर्ने बताएका छन् । तर, केही सञ्चालक समिति सदस्य तथा कर्मचारीले सहकारीको बचत हिनामिना नगरेको बयान दिएका छन् । उनीहरूले सञ्चालकका कारण परिबन्दमा परेको बताएका छन् । यस्तो बयान दिने जिबी सञ्चालक रहेको सहकारीका सदस्य र कर्मचारीहरू हुन् ।

जेलमुक्त गरे बचतकर्ताको रकम फिर्ता गराउने बयान दिनेमा तुलसी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष केदारनाथ शर्मा, पशुपति बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष तथा कान्तिपुर सेभिङ एण्ड कोअपरेटिभका पूर्वअध्यक्ष सिबी लामा (चन्द्रबहादुर तामाङ), आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर (केबी) उप्रेती हुन् । सिभिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ सहकारी संस्था अध्यक्ष इच्छाराज तामाङले सहकारी सही ढंगले चलाए पनि कोरोना भाइरस महामारीका कारण डुबेको जिकिर गरेका थिए । उनले जेलबाट निस्किएपछि बाँकी सम्पत्ति बेचेर सहकारीको बचत फिर्ता गर्ने बताए ।

बचत हिनामिना नगरेको बयान दिनेचाहिँ तत्कालीन गोर्खा मिडिया नेटवर्कका प्रबन्ध निर्देशक तथा रास्वपा सभापति लामिछाने, सोही संस्थाका पूर्वसञ्चालक तथा पूर्वडिआइजी छविलाल जोशी र सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था, पोखराका पूर्वसञ्चालक शिवकुमार गुरुङलगायत हुन् ।

बयानका क्रममा उनीहरूले सबैले हाल मलेसियामा रहेका भनिएका जिबीलाई सरकारले झिकाउन सकेमा सहकारीमा अहिले देखिएको आधा समस्या हाल हुने तर्क पनि गरेका छन् । तर, जिबी अझैसम्म पक्राउ परेका छैनन् । समिति सदस्य दाहालले पनि जिबी मुख्य आरोपी भएकाले उनको पक्राउ र सोधपुछ अनिवार्य भएको बताएका छन् । यसअघि गृहमन्त्री छँदा लामिछानेले जिबी मलेसियामा रहेको थाहा भएको र उनको लोकेसन ट्र्याकसमेत गरेको दाबी गरेका थिए । माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ गृहमन्त्री भएका बेला सरकारले नै जिबीलाई फरार गराएको टिप्पणी लामिछानेले गरेका थिए । तर, गृहमन्त्री हुँदा आफ्ना पूर्वव्यावसायिक साझेदारसमेत रहेका जिबीलाई पक्राउ गर्न सकेनन् । यहीबीच सूर्यबहादुर थापा संयोजक रहेको छानबिन समितिले प्रतिवेदन लेखन थालेको हो ।

समितिलाई चारवटा क्षेत्राधिकारमा रहेर छानबिन गर्न कार्यादेश छ । पहिलो, सहकारी संस्थाहरूमा देखिएको संकट तथा यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरीवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने । दोस्रो, समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरूपयोग भएको बचत रकम छिटो र सहज ढंगले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने ।

तेस्रो, सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनिकीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने । चौथो, सहकारी संस्था सदस्य एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानी नोक्सानी पुर्‍याउने गोरखा मिडिया नेटवर्क प्रालिलगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानुनी रूपमा प्रवाह भए/नभएको प्रतिवेदन बुझाउने । संसदीय समितिमा सभापति थापासहित एमालेबाट सरिता भुसाल छन् । कांग्रेसबाट पर्यटमन्त्रीसमेत रहेका नेता बद्री पाण्डे र ईश्वरी न्यौपाने तथा माओवादीबाट दाहाल, रास्वपाबाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ध्रुवबहादुर प्रधान सदस्य छन् ।

समिति त्यसबेला गठन भएको हो, जतिबेला सहकारी ठगी आरोपी लामिछाने गृहमन्त्री थिए । कांग्रेसको चर्को दबाबपछि अन्ततः समिति गठन भएको हो । लामिछाने र जिबीलाई छानबिनको दायरामा ल्याउने मूलभूत उद्देश्यले समिति गठन गरिएको हो । उनीहरूले विभिन्न सहकारीको रकम गोरखा मिडियामार्फत ग्यालेक्सी टेलिभिजनमा लगानी भएको र त्यसबेला प्रबन्ध निर्देशक रहेकोले सहकारी ठगीमा लामिछानेको संलग्नता जोडिएको हो ।

पोखरास्थित सूर्यदर्शन सहकारीमा समस्या देखिएपछि महानगरले गठन गरेको टोलीले १८ हजार ७०० बचतकर्ताको एक अर्ब ३५ करोड रूपैयाँ ठगी भएको निष्कर्ष निकालेको थियो । ठगी आरोपमा सञ्चालक समितिका पाँचजना पक्राउ परे भने अन्य १४ जना फरार भए । सोही सहकारीबाट ठगिएको भन्दै पीडितले दिएको उजुरीका आधारमा अनुसन्धान सुरु हुँदा रास्वपा सभापति लामिछानेको नाम आएको हो ।

जिबीले भने सूर्यदर्शन सहकारीको ७८ करोडभन्दा बढी रकम गैरकानुनीरूपमा अपचलन गरेर आफ्नो निजी कम्पनीमा लगानी गरेको आरोप छ । ‘सहकारी क्षेत्रमा लुट नै चलेको रहेछ । योजनाबद्ध ढंगले बचत अपचलन गर्ने, ठगी गर्ने, नागरिकको सम्पत्तिलाई निजी सम्पतिमा रूपान्तरण गरी रातारात धनी हुने प्रवृत्ति देखियो,’ समिति सदस्य दाहालले भने ।

●●●

## महिना दिनमै...

‘हिउँदयाममा केही महिना अझै विद्युत् आयात गर्नु परे पनि आयातको परिमाण क्रमशः घट्दै जाने छ, गत आवबाट देशभित्र खपत गरी बढी भएको विद्युत् भारतीय बजारमा बिक्री गरी खुद आयातकर्ताबाट खुद निर्यातकर्ता बनिसकेका छौं,’ उनले भने । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेञ्ज (आइएक्स)को ‘डे अहेड’ तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)लाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ ।

प्राधिकरणले हालसम्म प्रतिस्पर्धी बजार र मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम भारतीय बजारमा २८ वटा आयोजनाबाट उत्पादित ९४१ मेगावाट विद्युत् बिक्री गर्न स्वीकृति पाएको छ । केही दिनअघि द्विपक्षीय सम्झौताबमोजिम भारतका बिहार र हरियाणा राज्यलाई थप २५१ मेगावाट विद्युत् निर्यात स्वीकृति पाएको थियो । यसमध्ये एनभिभिएनमार्फत हरियाणा राज्यलाई थप दुई जलविद्युत् आयोजनाबाट उत्पादित १२५.८९ मेगावाट बिक्री गरिने छ । हाल दुई आयोजनाबाट उत्पादित १०९.६१ मेगावाट विद्युत् हरियाणा राज्यमा बिक्री हुँदै आएको छ ।

कूल १० जलविद्युत् आयोजनाबाट उत्पदित १२५ मेगावाट विद्युत् मध्यकालीन सम्झौताबमोजिम पिटिसी, भारतमार्फत बिहार राज्यमा निर्यात हुने छ । बिहारलाई पहिलोपटक र हरियाणालाई थप विद्युत् निर्यातका लागि प्राविधिक प्रक्रिया पूरा गरी छिट्टै निर्यात सुरु हुने छ ।

हाल १४ आयोजनाबाट उत्पादित ५८०.८९ मेगावाट विद्युत् प्रतिस्पर्धी दरमा बिक्री भइरहेको छ । केही दिनअघि स्वीकृति पाएको परिमाणको विद्युत् निर्यात सुरु भइनसकेकाले हाल आइएक्स र हरियाणालाई गरी दैनिकरूपमा ६९०.५० मेगावाट विद्युत् निर्यात भइरहेको छ । स्वीकृत परिमाणको १० प्रतिशत थप विद्युत् निर्यात गर्न सकिन्छ । त्यसैले हाल दैनिकरूपमा ७०० मेगावाटभन्दा बढी विद्युत् निर्यात भइरहेको छ । गत आवमा भारतबाट १६ अर्ब ९३ करोड रूपैयाँको विद्युत् आयात गरिएको थियो । यही अवधिमा १७ अर्ब ६ करोड रूपैयाँको विद्युत् निर्यात गरिएको थियो । गत आवमा आयातभन्दा १३ करोड रूपैयाँ बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो ।

प्राधिकरणले २०७९ जेठ २० गतेदेखि विद्युत् निर्यात सुरु गरेको थियो । पहिलो चरणमा ३९ मेगावाट निर्यात गरेको थियो । सुरुआती चरणमा त्रिशुली र देवीघाट जलविद्युत् केन्द्रबाट उत्पादित बिजुली भारत निर्यात भएको थियो । दुई देशबीच १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने गरी दीर्घकालीन विद्युत् सम्झौतासमेत भइसकेको छ । यस्तै, बंगलादेशमा भएको राजनीतिक परिवर्तनका कारण तत्कालका लागि ४० मेगावाट निर्यात गर्ने अन्तिम तयारी भए पनि स्थगित भएको प्राधिकरणले जनाएको छ । रासस

●●●

## युरोपको मागपत्र...

व्यवसायीले ल्याएका मागपत्र प्रमाणीकरण हुन नसक्दा युरोप पठाउने भन्दै ठगी र तस्करीका घटना बढिरहेको भन्दै तत्काल मागपत्र प्रमाणीकरण हुने व्यवस्था मिलाउन उनले सरकारसँग माग गरेका छन् ।

पछिल्ला वर्षहरूमा खासगरी रोमानिया, क्रोएसिया, माल्टा, पोल्याण्ड, सर्बिया, बुल्गेरियालगायतका युरोपेली मुलुकमा नेपाली कामदार जाने क्रम बढेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा मात्रै युरोपेली मुलुकहरूमा ५० हजारभन्दा बढी नेपाली रोजगारीका लागि गएका छन् । आर्थिक वर्ष २०८०/८१ मा व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति लिएर ५० हजार ७४९ जना नेपाली युरोपका विभिन्न मुलुक गएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । जसमा ३३ हजार ६४७ जनाले पहिलोपटक श्रम स्वीकृति लिएर युरोप गएका छन् । जसमा २६ हजार ६८० जना पुरूष छ हजार ९६७ जना महिला छन् । साथै १७ हजार १०२ जनाले पुन: श्रम स्वीकृति लिएर युरोप पुगेका छन् । क्रोएसिया, माल्टा, रोमानिया र पोल्याण्डमा म्यानपावरबाट समेत गएको विभागको तथ्यांकमा उल्लेख छ ।

**कान्तिपुर कलेज अफ मेडिकल साइन्स**
सितापाइला
(सूचना प्रकाशन मिति:२०८१/०५/१३)

डिप्लोमा इन फार्मेसी कार्यक्रमको पूर्ण शुल्किय तर्फ १ सिट रिक्त रहेकोले वागमति प्रदेशको सोही कार्यक्रमको २०८१/०४/१९ गते संचालित प्रवेश परीक्षामा उत्तिर्ण परीक्षार्थीहरुवाट सूचना प्रकाशित भएको मितिले ५ दिन भित्रमा यस कलेजमा निवेदन दिनुहुन अनुरोध छ।

**तु-आवश्यकता**

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Public Relation Officer - 4 (M/F)**

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलब: आपसी समझदारीमा**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.com, Website :www.saudinepal.com

# Chhatrakot Rural Municipality
## Office of the Rural Municipal Executive
Choyaga, Gulmi

## Invitation for Electronic Bids

**Date of First Publication: 29 August, 2024**

1. The **Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi** invites electronic bids from Nepalese eligible bidders for Work as mentioned below under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Securities (NRs.) |
|---|---|---|---|
| CRM/Gul/W/NCB-01/81-82 | Upgrading of Lumcha Satmure Road(Lumcha Chaupari)Section to Black Topped Standard | 5,000 | 9,20,000 |

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 4,54,00,000.***
- Minimum Work experience of similar size and nature: ***NRs. 1,21,00,000.***
- ***Financial Resource(Line of credit)- 2,16,00,000.***

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate Bids), one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn as per the provision of ITB 21 of the Bidding Document.
3. Bidders should submit their bid electronically through bolpatra.gov.np./egp and deposit the cost of bidding document in the Office's Rajaswa (Revenue) as specified below. The scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Prabhu Bank Limited, Chhatrakot Branch
   Name of Office: Chhatrakot Rural Municipality, Gulmi
   Account name: GA-1-1-CHHATRAKOT GA.PA. AANTARIK RAJASWA KHATA Account no.: 2737087926000138
   Rajaswa (revenue) Shirshak no.: 14229
4. Eligible Bidders can get further information regarding Bid Document at the Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi during office hours, Office website www.chhatrakotmun.gov.np, Contact no. 9857067908, 9861253525 and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.
5. Pre-bid meeting shall be held at the office of Chhatrakot Rural Municipality, Choyaga, Gulmi, Lumbini Province, Nepal on **13 September, 2024, 14:00 hours.**
6. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 hours** on **29 September, 2024.**
7. Bids must be valid for a period of **90 days** after opening and must be accompanied by Cash Security or Bank Guarantee, amounting as amount mentioned above which shall be valid for **30 days** beyond the validity period of the bid. If the bidder wishes to deposit Bid Security as cash should deposit at Account Name **GA-3-1-CHHATRAKOT GA.PA. STHANIYA TAHA DHARAUTI KHATA** Account no. **2737087926000048** maintained at Prabhu Bank Ltd., Chhatrakot Branch and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
8. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours** on **29 September, 2024** at the Chhatrakot Rural Municipality, Office of the Rural Municipal Executive, Choyaga, Gulmi.
9. Evaluation and Qualification Criteria:

**Construction Experience in Key Activities:**

i. RCC Work M20: 152 cum per year.
ii. Reinforcement work: 9278kg per year.
iii. Base course:-1044 cum per year.
iv. Premix Carpet: 131 cum per year.

**Chief Administrative Officer**

**साउदीमा रोजगार**
कम्पनी : SAUDI MAINTENANCE COMPANY SIANCO
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८०/०७/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/११ | LT. No. 294333 | चलानी नं.६०२०९४२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ROVE INTERNATIONAL PVT.LTD.**
Govt.Lic. No- 1033/071/072
Tilganga-9, Sambhumarga, Near Airport, Kathmandu, Nepal
T: +977-01-4486922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com

**साउदीमा रोजगार**
कम्पनी : SADARA FOOD COMPANY TO PROVIDE MEALS
शहर : Saudi Arabia

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | LT. No. 309570 | चलानी नं.६०२२४२२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Agent | 23 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BELIEVABLE OVERSEAS PVT.LTD.**
Govt. License No. 1283/074/75
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815
E-mail : believableoverseas@gmail.com

**बहराइनमा रोजगार**
कम्पनी : EATHAI RESTAURANT CO WLL
शहर : Kingdom of Bahrain

पूर्व स्वीकृति मिति २०८१/०२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१२ | LT. No. 305197 | चलानी नं. ६०२२०१५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 170 | ५९,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Crew | 7 | 0 | 150 | ५२,८९० | | | | | | | |
| 3 | Service Crew | 8 | 5 | 120 | ४२,३१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Govt. License 387/059/060
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np

**साउदीमा रोजगार**
कम्पनी : HANDSE AMAR FOR CONTRACTING EST.
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | LT. No. 309414 | चलानी नं.६०२२४२३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tiles & Marble Fiser | 5 | 0 | 2500 | ८९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866
INTREPID LEARN ADAPT EVOLVE

**साउदीमा रोजगार**
कम्पनी : ADVANCE DREAMS TRADING COMPANY
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | LT. No. 309497 | चलानी नं.६०२२४२६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners / Office Boys | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MARGA DARSHAN HUMAN RESOURCE PVT. LTD.**
श्रम ईजाजत नं. १६११/०७९/८०
Tokha 5, Basundhara, Kathmandu, Tel: 01-4971666, Mobile: 9851003483, 9851082446
Email: info@margadarshanhr.com.np, Web: www.margadarshanhr.com.np

**साउदीमा रोजगार**
कम्पनी : AL MUKHLIS RESTAURANT FOR POPULAR FOOD
शहर : Saudi Arabia

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | LT. No. 309603 | चलानी नं. ६०२२४२३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५३,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TESLA OVERSEAS PVT.LTD.**
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

# धुलिखेल नेपालको पहिलो 'स्वस्थ सहर'



**काभ्रेपलाञ्चोक–** विश्व स्वास्थ्य संगठनले काभ्रेपलाञ्चोकको पर्यटकीय नगर धुलिखेललाई 'नेपालको पहिलो स्वस्थ सहर' घोषणा गरेको छ । संगठनले तोकेका मापदण्ड पूरा गरेको धुलिखेल एसियाको दोस्रो स्वस्थ सहर भएसँगै पाँच हजार डलर पुरस्कार प्राप्त गर्न सफल भएको छ ।

संगठनका कार्यक्रम संयोजक डा. सुभाजी गुडले मंगलबार नेपालको पहिलो स्वस्थ सहर र एसियाको दोस्रो स्वस्थ सहर भएको घोषणा गरेका हुन् । गुडद्वारा घोषणासँगै धुलिखेललाई नेपालको पहिलो स्वस्थ सहर भएकामा पाँच हजार डलर पुरस्कार घोषणा भएको थियो । एसियामा पहिलो स्वस्थ सहर भारतको पुणे नगर बन्दा र ६५.४८ अंक प्राप्त गरी धुलिखेल दोस्रो स्थानमा रहेको घोषणा भएको हो ।

एसियाको दोस्रो र नेपालको पहिलो स्वस्थ सहर घोषणा भएको तथा पाँच हजार डलर पुरस्कार प्राप्त भएको धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जुले बताए । संगठनको मापदण्ड पूरा गरेर स्वास्थ्य क्षेत्रको नीतिगत सुधार, स्वास्थ्य क्षेत्रको दिगो विकास लक्ष्य, वातावरणीय सुधार, गरिब नागरिकको स्वास्थ्यमा पहुँच, दीर्घरोग र सरुवा रोग अनि सामुदायिक स्वास्थ्यमा सुधार ल्याउनुका साथै स्थानीय सरकारको प्राथमिक स्वास्थ्योपचारमा गरेको प्रगतिलाई आधार मानेर सो घोषणा गरिएको जनाइएको छ । धुलिखेल नगरले आगामी दिनमा पनि संगठनमार्फत सर्ने र नसर्ने रोग, ज्येष्ठ नागरिक स्वास्थ्य, दलित र गरिब जनसमुदायको स्वास्थ्यमा दिगो विकासको स्वास्थ्य अनि सहरी स्वास्थ्य सुशासनमा काम गर्ने ब्याञ्जुले बताए ।

'यो घोषणाले सिंगो नेपाल र काभ्रेपलाञ्चोक जिल्लावासीका साथै धुलिखेल नगरवासी खुसी भएका छौं, खुसीसँगै अवसर र चुनौती पनि महसुस गरेका छौं,' ब्याञ्जुले भने । नगरले अपांगता क्षेत्र, स्वच्छ खानेपानी, वातावरणीय प्रभाव न्यूनीकरण खोप, सामुदायिक स्वास्थ्य तथा डिजिटल स्वास्थ्य अभिलेख तयार गरी काम गर्दै आएको थियो ।

पर्यटकीय धुलिखेल नगर हाल 'आरोग्य सहर' अभियानमै छ । धुलिखेलले सहस्राब्दी दिगो विकास लक्ष्य (एसडिजी) अन्तर्गतका १७ मध्ये शिक्षा, स्वास्थ्य, गरिबी निवारण र सुरक्षित खानेपानी चार लक्ष्य पूरा गरेपछि स्वास्थ्यमा क्षेत्रमा फड्को मारेको हो । नगरले ती चार लक्ष्यको प्रतिवेदन गत अक्टोबर पहिलो साता थाइल्याण्डस्थित संयुक्त राष्ट्रसंघमा पेस गरेको थियो । त्यतिबेला उक्त 'स्वेच्छिक समीक्षा प्रतिवेदन' सार्वजनिक गर्नेमा दक्षिण एसियामै धुलिखेल पहिलो नगर भएको दाबी गरिएको थियो । नगरले हाल १२ वडामा १५ स्वास्थ्य केन्द्र स्थापना गरिसकेको छ भने सबै नागरिकलाई स्वस्थ बनाई आरोग्यता प्रदान गर्न स्वास्थ्यकर्मीलाई घरदैलो पुर्‍याउने कामसमेत सकेको जनाएको छ ।

नागरिकको अवस्था के छ, के-कस्तो उपचार आवश्यक छ पत्ता लगाउन नगरले सर्वेक्षण गरेको हो । केन्द्रमा नि:शुल्क उपलब्ध गराइने ६५ थरिका औषधि पर्याप्त बनाइएको छ । नगरले हाल 'हाइपरटेन्सन, मधुमेह र मानसिक स्वास्थ्य' कार्यक्रमलाई केन्द्र तथा निरन्तरका शिविरमार्फत प्राथमिकताका साथ अघि सारिएको छ ।

धुलिखेल विश्व स्मार्ट दिगो सहर संगठनको सन् २०२१ देखि २०२३ सम्मको कार्यसमिति सदस्यमा निर्वाचित नगर हो । विश्वका १३६ देशका सहर सदस्य रहेको संगठनको विश्व स्मार्ट दिगो सहर संगठनको पाँचौं महासभाबाट १७ सदस्यीय कार्यसमितिमा पनि धुलिखेल निर्वाचित भएको थियो । यस्तै धुलिखेल नगरले नगरक्षेत्रभित्र कोइला प्रयोग गर्न प्रतिबन्ध लगाएको खबर गत सन् २०२२ नोभेम्बर पहिलोसाता स्कटल्याण्डको ग्लास्गो सहरमा आयोजित जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप-२६)मा चर्चाको विषय बनेको थियो । *रासस*

# राससको २४सै घण्टा सेवा परीक्षणमा

**काठमाडौं (प्रस)–** राष्ट्रिय समाचार समिति (रासस)ले मंगलबारदेखि २४सै घण्टा सञ्चालन हुनेगरी समाचार सेवाको परीक्षण शुभारम्भ गरेको छ । यसअघि रासससको समाचार सेवा बिहान ६ बजेदेखि राति ११ बजेसम्म सञ्चालन हुँदै आएको थियो ।

हाललाई परीक्षणका रूपमा सुरु गरिएको समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले जानकारी दिए । यस सेवाको औपचारिक शुभारम्भ यही भदौ १७ गते मोतीजयन्तीका अवसरमा गरिने जनाइएको छ ।

सगरमाथा संवाद समिति र नेपाल संवाद समितिलाई गाभेर २०१८ साल फागुन ७ गते स्थापना भएको राष्ट्रिय संवाद समिति नै आजको राष्ट्रिय समाचार समिति (रासस) हो ।

नेपाली, अंग्रेजी र अन्तर्राष्ट्रिय समाचार बुलेटिनका अतिरिक्त राससले पछिल्ला दिनमा आफ्ना सेवालाई विविधिकृत गर्दै तस्बिर, श्रव्य-दृश्य, विचार तथा आलेख सेवा प्रवाह गरिरहेको छ । राससले नेपालको संविधान २०७२ को मर्मअनुसार संघीयता र समावेशी अवधारणालाई आत्मसात गर्दै गत वर्षदेखि अवधि भाषाका माध्यमबाट मातृभाषामा पनि समाचार सेवा उपलब्ध गराउँदै आएको छ । देश संघीयतामा गएसँगै समानुपातिक समावेशिताको सिद्धान्तअनुसार हरेक क्षेत्र, भूगोल, धर्म, सम्प्रदाय र भाषाभाषीका सूचना र समाचार सम्प्रेषण गर्न रासस प्रतिबद्ध रहेको कार्यकारी अध्यक्ष झाले बताए ।

'रासससको यो सेवाले आमसेवाग्राही सञ्चारमाध्यम त लाभान्वित हुने छन् नै, सँगै आमनागरिकको सूचना र समाचारको दायरा पनि झन् फराकिलो हुने विश्वास हामीले लिएका छौं,' अध्यक्ष झाले भने, 'सामाजिक सञ्जालको तीव्र प्रयोगका कारण सेकेण्ड-सेकेण्डमा प्रवाह भएका सूचनाले आमनागरिकलाई दिग्भ्रमित बनाउनसक्ने सम्भावनालाई रासससको यस विस्तारित सेवाबाट न्यूनीकरण गर्न मद्दत पुग्ने विश्वास छ ।'

## कालिन्चोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल

### नदीजन्य पदार्थ विक्रीको लागि बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१३

कालिन्चोक गाउँपालिकाको तपशिल अनुसारका क्षेत्रहरुमा बागमती प्रदेशको आर्थिक ऐन २०८१ को दफा ९ को उपदफ १ तथा अनुसूची ५ बमोजिम संकलन गरिने ढुंगा, रोडा, ग्राभेल र बालुवाको शुल्कबाट आ.व. २०८१/०८२ मा प्राप्त हुने आय संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम दर्ता भएका ईच्छुक फर्म वा कम्पनीले फर्म नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र पेश गरी यस कार्यालयबाट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट बोलपत्र/दरभाउपत्र फाराम खरिद गरि प्रत्येक ठेक्का नं. का लागि छुट्टाछुट्टै शिलबन्दी बोलपत्र/दरभाउपत्र तोकिएको अबधि र समयभित्र दर्ता गर्नका लागि सूचनाका शर्तहरुको अधीनमा रही बोलपत्र/दरभाउपत्र प्रकृयामा सहभागीहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | उत्खनन् क्षेत्र | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | बोलपत्र/दरभाउपत्र फाराम दस्तुर (रु.) | बोलपत्र/दरभाउ पत्र जमानत रकम र अबधि |
|---|---|---|---|---|---|
| KRM/NCB/Goods/Dolakha/01/2081/082 | सिंगटी/चप्लेटी क्षेत्र (U/S 27º43'29.28"N, 86º09'30.36"E, D/S 27º43'25.77"N, 86º09'25.46"E,) | ८,७०० | २१,४८,९०० | ३००० | कबोल अंकको ३ प्रतिशत, १२० दिन |
| KRM/SQB/Goods/Dolakha/01/2081/082 | बेनिस्वाँरा क्षेत्र (U/S 27º43'11.81"N, 86º09'12.48"E, D/S 27º43'9.27"N, 86º09'5.83"E,) | ४,३१२.५ | १०,६५,१८७.५ | १००० | कबोल अंकको ३ प्रतिशत, ७५ दिन |
| KRM/NCB/Goods/Dolakha/02/2081/082 | गुमुखोला क्षेत्र (U/S 27º42'31.85"N, 86º08'51.43"E, D/S 27º42'22.49"N, 86º08'45.55"E,) | ९,२४० | २२,८२,२८० | ३००० | कबोल अंकको ३ प्रतिशत, १२० दिन |
| KRM/NCB/Goods/Dolakha/03/2081/082 | कोशीखेत क्षेत्र (U/S 27º41'34.45"N, 86º07'49.85"E, D/S 27º41'32.25"N, 86º07'38.57"E,) | १२,४२० | ३०,६७,७४० | ३००० | कबोल अंकको ३ प्रतिशत, १२० दिन |
| KRM/NCB/Goods/Dolakha/04/2081/082 | नागदह/मलेपु क्षेत्र (U/S 27º40'53.87"N, 86º06'32.46"E, D/S 27º40'58.64"N, 86º06'28.94"E,) | ७,९६५ | १९,६७,३५५ | ३००० | कबोल अंकको ३ प्रतिशत, १२० दिन |

विस्तृत जानरकारीको लागि यस कार्यालयको website : kalinchowkmun.gov.np मा समेत हेर्न सकिनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत


## युएईमा रोजगार

कम्पनी : Al SNDOQ AL AKHDAR PLASTER TILES & CONCRETE CARPENTER CONT
शहर : Dubai

पूर्व स्वीकृति मिति २०८०/११/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१२ | LT. No. 301346 | चलानी नं. ६०२१६२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer Assistant | 5 | 0 | 1100 | ४०,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 7 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 3 | Brick Mason Assistant | 5 | 0 | 1100 | ४०,१७० | | | | | | | |
| 4 | Construction Carpenter | 9 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 5 | Ordinary Labourer/building Labourer/demolition Lab | 3 | 0 | 800 | २९,२१५ | | | | | | | |
| 6 | Reinforcing Fitter. | 2 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 7 | Stone Mason | 3 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 8 | Stone Mason Assistant | 1 | 0 | 1100 | ४०,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

## युएईमा रोजगार

कम्पनी : HAMDAN AL MUTAWA GEN. MAINTENANCE
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति: २०८१/०५/११ | LT No. 309483 | चलानी नं. ६०२२४२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Shuttering Carpenter | 2 | 0 | 1200 | ४३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason Gulf Return | 3 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 3 | Steel Fixer (Gulf Experience) | 2 | 0 | 1200 | ४३,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: PR Training Center, Janakpur मा मिति: २०८१ भदौ २२ गते (7th Sep. 2024) मा हुनेछ ।
Sunsari Multiple Training Center, Itahari मा मिति: २०८१ भदौ २४ गते (9th Sep. 2024) मा हुनेछ ।

कम्पनी LAZOURDY CONTRACTING & GENERAL MAINTENANCE

पूर्व स्वीकृति मिति: २०८१/०५/११ | LT No. 309482 | चलानी नं. ६०२२४१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Shuttering Carpenter | 50 | 0 | 1200 | ४३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer (Gulf Experience) | 50 | 0 | 1200 | ४३,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: PR Training Center, Janakpur मा मिति: २०८१ भदौ २३ गते (8th Sep. 2024) मा हुनेछ ।
Sunsari Multiple Training Center, Itahari मा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1331/074/75 — KALIKA HUMAN RESOURCE PVT LTD
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

**युएई/कतारमा रोजगार** — कम्पनी : PERFECT MANPOWER SUPPLY SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/१२ | LT. No. 305582 | चलानी नं. ६०२२०२४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 23 | 0 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 5 | 0 | 1000 | ३६,५२० | | | | | | | |
| 3 | Mining Labourer | 19 | 0 | 1000 | ३६,५२० | | | | | | | |
| 4 | Painter Assistant | 7 | 0 | 1100 | ४०,१७० | | | | | | | |
| 5 | Road Maintenance Labourer | 14 | 0 | 1000 | ३६,५२० | | | | | | | |

कम्पनी : RETAAL QATAR CONTRACTING CO. W.LL

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | LT. No. 309608 | चलानी नं. ६०२२४२४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 2 | 0 | 1100 | ४०,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1100 | ४०,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081 — NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

**साउदीमा रोजगार** — कम्पनी : SADFA QAMAR Company For Meals, शहर : Jeddah

पूर्व स्वीकृति मिति २०८१/०५/१२ | LT. No. 309562 | चलानी नं. ६०२२४२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD SERVER (WAITER) | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

**युएईमा रोजगार** — कम्पनी : AL BASSAM TANKS TRADING LLC-SOLE PROPRIETORSHIP DUBAI BREANCH, शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | LT. No. 309741 | चलानी नं.६०२२४२९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Messengers | 8 | 0 | 1200 | ४३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stevedore Worker | 4 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 3 | Stock Picker | 4 | 0 | 1200 | ४३,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-1-5906456, 982-2959770, 9825849205,
Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com

प्रभाव दैनिक

रूपशाला

## 'यो दुनियाँ'मा पूजा र सन्दीपको रोमान्स

गायक निशान भट्टराईको स्वर रहेको गीत 'यो दुनियाँ' सार्वजनिक गरिएको छ । अर्जुन पोखरेलको सङ्गीत, डा.कमल थापाको शब्द रहेको गीतमा अविनाश पासवानको एरेन्ज छ । गीतको भिडियोमा अभिनेत्री पूजा शर्माको अभिनय छ । पूजालाई अभिनयमा मोडल सन्दिप रानाभाटले साथ दिएका छन् । प्रेम रोमान्सले भरिएको गीतको भिडियो माइकल चन्दले निर्देशन गरेका हुन् । नेपालका विभिन्न रमणीय स्थानहरूमा छायांकन भएको भिडियोमा नवराज उप्रेतीको छायांकन र शिलन लम्सालको सम्पादन छ ।



बिहीबार, १३ भदौ २०८१ (Thursday, August 29, 2024)

# 'रामायण'को तिम्रै लागि सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी भदौ २१ गते रिलिज हुने फिल्म 'रावायण'को प्रेमभावको गीत 'तिम्रै लागि' सार्वजनिक भएको छ । फिल्मका प्रमुख नायक पल शाह र नायिका पुजा शर्मा फिचर्ड गीतमा कुनाल गान्जावाला र सोनु कक्करको स्वर, निरज सिंहको संगीत र डा. कृष्णहरि बरालको शब्द छ ।

गीतको सुरुवातमा पल र पुजालाई जंगलको बीचको बाटोमा कारमा यात्रा गरिरहेको देखाइएको छ । जहाँ उनीहरूबीच रोमान्टिक भाव देखिन्छ ।

त्यसपछि उनीहरूलाई काठमाडौंको वसन्तपुर दरबार स्क्वायरमा देख्न पाइन्छ । जहाँ कोरस डान्सरहरूसँग उनीहरूले नृत्य गरेका छन् । गीतको अडियोसँगै भिडियो पक्ष पनि सशक्त छ । पल र पुजालाई कोरियोग्राफर रामजी लामिछानेले नँचाएका छन् ।

गीतमा सौरभ लोखण्डे र रेवत आरती सिंहको म्यूजिक प्रोडक्सन र एरेन्ज, फ्रान्को भालाको एडिसनल म्युजिक प्रोडक्सन, निरज सिंहको म्यूजिक सुपरभाइजर र साउण्ड डिजाइन, सौरभ दासको ब्याकिङ भोकल, निरज सिंह, फ्रान्को भाला र समीर चौरासियाको रेकर्डिङ इन्जिनियरिङ, निरज सिंह (कैलाश स्टुडियो, मुम्बई)को मिक्सिङ इञ्जिनियर, गेथिन जोन(हाफोड मास्टरिङ(वेल्स, यूके)को मास्टरिङ इन्जिनियर छ । गीत भारतको मुम्बईस्थित कैलाश स्टुडियोमा रेकर्ड गरिएको हो ।

सुदर्शन थापा प्रोडक्शन र पुजा शर्मा प्रोडक्शनको संयुक्त ब्यानरमा बनेको फिल्मकी निर्माता पुजा शर्मा हुन् । फिल्ममा सुशन पाठक कार्यकारी निर्माता छन् ।

फिल्ममा पल शाह, पुजा शर्मा, प्रियंका कार्की, प्रमोद अग्रहरी, निकीता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाल, कैलाश रावल, अनिल कुमी, रजिता पराजुली, निमा पाण्डे, विशाल पहारी, सुशान्तकुमार श्रेष्ठ, योगेश भण्डारी, प्रेरणा गिरी र सुहान श्रेष्ठको अभिनय छ ।

फिल्ममा सुदर्शन थापाको कथा, शिवम अधिकारीको लेखन, प्रदीप श्रीवास्तव र राज गौरवको ओरिजिनल हिन्दी स्क्रिप्ट, सौरभ लामाको छायांकन, मिलन श्रेष्ठको सम्पादन, प्रमोद श्रीनिवासनको साउण्ड डिजाइन, निरज सिंह, रेवन आरती सिंहको संगीत, नकासा अजिज, कुनाल गान्जावाला, सोनु कक्करको स्वर, डा. कृष्णहरि बराल र प्रदीप श्रीवास्तवको शब्द, रेवन आरती सिंहको ओरिजिनल ब्याकग्राउण्ड स्कोर, उमेश चौधरीको आर्ट डिरेक्सन, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी, श्री श्रेष्ठको एक्सन, समीर मियाँको भीएफएक्स, राजेन्द्र मोक्तानको कलर, विजय बस्यालको पोस्टर डिजाइन, नविन पुरीको प्रोडक्सन डिजाइन छ । फिल्मको वितरण आरआर फिल्मसले गर्नेछ भने डिजिटल पार्टनरको रूपमा ओएसआर डिजीटल रहेको छ ।

# 'ज्वाइँ साब'को टिजरमा जितुको बिहे

■ प्रभाव संवाददाता

**काठमाडौं–** फूलपातीको अवसर पारेर असोजको २४ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'ज्वाइँ साब'को टिजर सार्वजनिक गरिएको छ ।

फिल्मको टिजरमा मुख्य कलाकार जीतु नेपाल र नीति शाहलाई प्राथमिकता दिइएको छ । टिजरमा जीतु बेहुला र नीतिलाई हात्तीमाथि चढेर बेहुलीको भेषमा देखाइएको छ ।

मिनादेवी खड्का, सौगात पण्डित र पदमलाल तामाङको लगानी रहेको फिल्मका निर्देशक वसन्त निरौला हुन् । विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्ममा शङ्कर धितालको लेखन, सविन अधिकारीको कथा, श्याम तामाङको छायाङ्कन, सञ्जय थापाको एक्सन, अर्जुन पोखरेल र महेश ताम्राकारको सङ्गीत छ ।



फिल्ममा जीतु र नीति शाहको अलवा बुद्धि तामाङ, रमेश बुढाथोकी, शिशिर वाङ्देल, प्रकाश घिमिरे, निमा पाण्डे, हिमेश पन्त, शिवहरी वैरागी, राजेन्द्र नेपाली, कविता आले, शिवु पाण्डे, इशान राउत लगायतका कलाकारको अभिनय छ ।

राजकुमार पण्डितको प्रस्तुतिमा तयार भएको फिल्मले दसैंमा दर्शकलाई पूर्ण रूपमा मनोरञ्जन दिने निर्देशक निरौला बताउँछन् ।

# बेलायतमा छायांकन गरिएको तीज गीत 'गाजल टिकी'

■ एजेन्सी

**लण्डन–** सञ्जय कँडेलको शब्द रचना तथा निर्देशनमा तयार पारिएको 'गाजल टिकी लाउने हो' तीज गित रिलिज भएको छ । सुनील राईको संगीत, पुष्कर खत्रीको एरेन्ज रहेको म्युजिक भिडियोलाई यूके निवासी सुमन श्रेष्ठले खिचेका हुन् ।

यूकेमै छायांकन गरिएको यो भिडियोलाई सविना श्रेष्ठले कोरियो गरेकी छिन् । अंशु बस्नेतको मेकअप रहेको गाजल टिकी लाउने हो गीतलाई चर्चित गायिका रचना रिमालले आवाज दिएकी हुन् ।



अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज यूके (इनास) ले बजारमा ल्याएको 'गाजल टिकी लाउने हो' गीतको लिड रोलमा कलाकारहरू सविना श्रेष्ठ, अंशु बस्नेत, मञ्जु शाह, सर्वेन्द्र अधिकारी, पण्डित नीलहरि घिमिरे आदिको अभिनय रहेको छ ।

नेपाली कला, भाषा, संस्कृतिको प्रवर्द्धनमा स्वेदश तथा विदेशमा बस्ने दिदीबहिनीहरूका लागि हरितालिका तीजलाई लक्षित गर्दै यो सभ्य श्रव्य तथा दृश्य सामग्रीलाई अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज यूकेले व्यवस्थापन गरेको हो ।



साफ यू-२० च्याम्पियनसिप

# फाइनलमा चुक्यो नेपाल बंगलादेश च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशले नेपाललाई हराउँदै साफ (दक्षिण एसियाली फुटबल महासंघ) यु-२० च्याम्पियनपशिप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । बंगलादेशले सो उपाधि पहिलो पटक जितेको हो ।

ललितपुरको सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) को मुख्यालयको खेलमैदानमा भएको फाइनल खेलमा बंगलादेशले नेपालमाथि ४-१ गोलको जित निकाल्दै उपाधिमाथि कब्जा जमाएको हो । यसअघि दुईपटक फाइनलमा पुगेको बंगलादेश दुवै पटक पराजित हुँदै उपविजेता बनेको थियो । सन् २०१९ र सन् २०२२ मा भएको साफ च्याम्पियनशिपमा बंगलादेश फाइनलमा पुगेको थियो । त्यतिबेला दुवै पटक भारतसँग पराजित हुँदै बंगलादेश उपविजेतामा सीमित बनेको थियो ।




बंगलादेशको जितमा खेलमा मिराजुल स्लामले दुई गोल गरे भने रब्बी होसेन राहुल र मोहम्मद पिस अम्मद नोभाले समान एक-एक गोल गरे । खेलको पहिलो हाफको अतिरिक्त समयमा मिराजुलले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ५५औं मिनेटमा अस्दुल मोल्लाले दिएको पासलाई सदुपयोग गर्दै मिराजुलले हेडमार्फत व्यक्तिगत दोस्रो गोल गरे । खेलको ७१औं मिनेटमा बंगलादेशका अर्का खेलाडी रब्बीले गोल गर्दै टोलीलाई तेस्रो अग्रता दिलाए ।

त्यस्तै, खेलको ८१औं मिनेटमा नेपालका समीर तामाङले गोल गरे । बंगलादेशका गोल किपर अगाडि गएको अवस्थामा सान्त्वना गोल गरे ।

यसैगरी, बंगलादेशका अर्का खेलाडी नोभाले खेलको दोस्रो हाफको अतिरिक्त समयमा एक गोल थपे । त्यसपछि खेलमा गोल हुन सकेन र अन्ततः बंगलादेशले नेपालमाथि ४-१ को ऐतिहासिक जित हासिल गऱ्यो । हारसँगै साफ च्याम्पियनशिपको उपाधिमाथि 'ह्याट्रिक' गर्ने नेपालको सपना अधुरै रहन पुगेको छ ।

नेपालबाटै सन् २०१५ मा साफ यू-१९ च्याम्पियनशिपका नामबाट सुरुआत भएको उक्त च्याम्पियनशिपको उपाधि सुरुआतमा नेपालले जितेको थियो । उक्त च्याम्पियनशिपको फाइनल खेलमा नेपालले भारतलाई 'टाइब्रेकर'मा पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो । उक्त च्याम्पियनशिप यसअघि कहिले साफ यू-१८ र कहिले साफ यू-२० को नामबाट सञ्चालन हुँदै आएको छ ।

त्यसैगरी, सन् २०१७ मा भूटानमा आयोजना भएको साफ यू-१८ च्याम्पियनशिपमा पनि नेपालले उपाधि जितेको थियो । त्यतिबेला राउन्ड रोबिन लिगका आधारमा खेलाइएको उक्त प्रतियोगितामा नेपालले शीर्ष स्थानमा रहँदै प्रतियोगिताको उपाधि जितेको थियो ।

छैटौं संस्करणको उक्त प्रतियोगिताको लिग चरणका खेलमा भने नेपालले बंगलादेशलाई २-१ गोलअन्तरले पराजित गरेको थियो । त्यसैगरी, सेमिफाइनलमा नेपालले भूटानलाई तथा बंगलादेशले भारतलाई पराजित गर्दै साफ यू-२० च्याम्पियनशिपको फाइनलमा स्थान बनाएका हुन् ।

यही भदौ २ गतेदेखि सञ्चालन भएको उक्त प्रतियोगितामा नेपालसँगै बंगलादेश, श्रीलंका, भारत, माल्दिभ्स र भूटानले सहभागिता जनाएका थिए । उक्त प्रतियोगिता त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने तालिका थियो तर वर्षाका कारण खेलमैदान हिलाम्य हुँदा एन्फाले प्रतियोगिताको सम्पूर्ण खेल सातदोबाटोमा खेलाइएको हो । विजेतालाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुल परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङ, अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्बाङलगायतले पुरस्कार वितरण गरेका थिए ।

# नेपालमा एयर ब्याडमिन्टन सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ब्याडमिन्टन संघले युरोपमा लोकप्रिय रहेको बिश्व ब्याडमिन्टन महासंघको मान्यता प्राप्त नयाँ प्रकारको ब्याडमिन्टन खेल 'एयर ब्याडमिन्टन' लाई नेपालमा पनि सुरुवात गर्ने उद्धेश्यले एक दिने प्रदर्शन खेलको आयोजना गऱ्यो । दक्षिण एशियामानै पहिलो पटक जस्तो सुकै खुल्ला मैदानमा रमाईलो खेलको रूपमा खेल्न सकिने यो खेल ललितपुरको पाटन औद्योगिक क्षेत्रमा रहेको ब्याडमिन्टन मैदानमा आयोजना गरिएको थियो ।




'एयर ब्याडमिन्टन' द न्यू ब्याडमिन्टन गेम २०२४ नामाकरण गरिएको प्रदर्शन खेलमा पुरुष तर्फ १०८ र महिला तर्फ ३४ खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए । पुरुष र महिला युगल तर्फ खेलाईएको खेलमा पुरुष युगल तर्फ लगनखेलका विलन मलान र उज्जल दाहालको जोडी प्रथम भएका थिए । यस्तै दोश्रो स्थानमा ललितपुरका मनिष बज्राचार्य र राकेश शाक्यको जोडी, तेश्रो स्थानमा आयुष प्रजापती (भक्तपुर) र एलिस थापा (चितवन) तथा अजय महर्जन र साजन महर्जन (थसी)को जोडी रहे ।


यसैगरि महिला तर्फ नुमा लिम्बु (नखिपोट) र नविना (एपिएफ) को जोडीले शर्मिला के.सी. र पार्वती राई (पिएफसी)को जोडीलाई फाईनलमा पराजित गर्दै प्रथम स्थान हात पारे । यस्तै पिएफसीका मैया भट्टराई र सिता कार्कीको जोडी तथा भक्तपुरका लिना सिपाई र सुभेक्षा था श्रेष्ठको जोडी संयुक्त तेश्रो भए ।

नेपाल ब्याडमिन्टन संघका पूर्व अध्यक्ष प्रकाश बहादुर शाही र निवर्तमान अध्यक्ष रमेश कुमार श्रेष्ठले संयुक्त उद्घाटन गरेको प्रदर्शन खेलको बिजेता खेलाडीहरूलाई नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजी बहादुर श्रेष्ठ, सहमहासचिव नविन विक्रम शाह, कोषाध्यक्ष तीलक पाण्डे, पूर्व प्रमुख प्रशिक्षक रजनी मैया जोशी, सहायक मुख्य प्रशिक्षक किरण थापा, सचिव राजु थापा, सदस्य छबी शाही, पूर्णभक्त चित्रकार, भुवन श्रेष्ठ, बागमती प्रदेश ब्याडमिन्टन संघका अध्यक्ष रुद्र कुमार थिङ्ग लगायतले मेडल तथा प्रमाण पत्र बितरण गरेका थिए ।

बिश्व ब्याडमिन्टन महासंघले खुल्ला मैदानमा सबै समूहका लागि उपयुक्त हुने नयाँ प्रकारको ब्याडमिन्टनलाइ जन समक्ष परिचयात्मक रूपमा प्रस्तुत गरेको छ । एयर ब्याडमिन्टन द न्यु ओपन ब्याडमिन्टन नामाकरण गरिएको ब्याडमिन्टन परम्परागत ब्याडमिन्टन खेल भन्दा केही फरक रहेको छ । यसमा एकल, युगल र तीन जनाको समूहमा खेलाडीहरू सम्मिलित भएर प्रतिस्पर्धा गर्न सकिने छ । यसको मैदान र सटलकक परम्परागत ब्याडमिन्टन खेलको भन्दा फरक रहेको छ । कोर्टको मापदण्ड १६ मिटर लम्बाइ र ५ मिटर चौडाइ रहेको हुन्छ । नेटबाट २ मिटरको स्थानलाइ डेड जोन मानिन्छ ।

उक्त स्थानमा सटलकक झरेमा आउट र खेलाडीले उक्त स्थानको लाईन क्रस गरेमा फल मानिनेछ । यस्तै डेड जोनबाट ३ मिटर पर सर्भिस लाईन रहने र ३ मिटरको सर्भिस जोनबाट सर्भिस गर्नु पर्ने हुन्छ । यस्तै विपक्षीमा जुनसुकै खेलाडीले रिसिभ गर्नु पाउँछ ।

# हजारौं विस्थापित युक्रेनी बालबालिकालाई शिक्षाको निरन्तरता



**वार्सा–** स्वदेश फर्कने आशामा यसपहिले पोल्याण्डको शैक्षिक कक्षाहरूमा सामेल नभएका युक्रेनी बालबालिकाहरूलाई अर्को हप्तादेखि पोल्याण्डका विद्यालयमा भर्ना गरिने भएको छ । नयाँ भर्ना हुने विद्यार्थीहरूमा कतिपय विगत दुई वर्षदेखि विद्यालय गएका छैनन् भने कतिपय पहिलोपटक विद्यालय भर्ना हुँदै छन् ।

पोल्याण्डमा शरणार्थी परिवारका लागि शिक्षा अनिवार्य गरिएको नयाँ कानुन लागू हुने भएपछि यसपहिले विद्यालय नगई स्वदेश फर्किने र आफ्नै घर दैलोनजिक वा छिमेकमा पढ्ने आशाको पर्खाइमा रहेका अनुमानित करिब २० हजारभन्दा माथि र ८० हजारभन्दा कम विद्यार्थीले पोल्याण्डका विद्यालयमा भर्ना हुने अपेक्षा गरिएको छ ।

सन् २०२२ मा रुसी आक्रमणको सुरुआतमै युक्रेन छोडेकी १२ वर्षीया नादियाकी आमा मेरिना रूडले भनिन्, ‘हामी अझै अन्योलमा छौं ।’ रूडले आफ्नी छोरीलाई पोलिस विद्यालयमा भर्ना गरेको तर महिनौंसम्म धम्कीको सामना गर्नुपरेको र अन्ततः विद्यालयबाट छोरीलाई निकाल्नुपरेको बताइन् । ‘उनी (छोरी) मलाई भन्थिन्: उनको युक्रेनी उच्चारण सुनेर उनीहरू हाँस्थे । म जति शब्द बोल्छु त्यतिपटक उनीहरू (पोलिस बालबालिका) हाँस्छन्,’ उनले भनिन् । नादियाले गत वर्ष युक्रेनी विद्यालयमा अनलाइन अध्ययन गरेकी थिइन् । यसलाई धेरै शरणार्थी परिवारद्वारा शिक्षाका लागि एक भरोसाका रूपमा हेरेका थिए । यो उनीहरूका लागि एउटा अनुकूल समाधानजस्तै थियो ।

### “शरणको व्यवस्था”

गैरनाफामूलक समूह (सेन्टर फर सिटिजनसिप एजुकेसन)का प्रमुख जेड्रेज विट्कोव्स्कीले भने, ‘पोलिस शिक्षा प्रणालीमा कति बालबालिकाको हिसाबकिताब छैन, त्यो ठूलो कुरा होइन ।’ सन् २०२२ को फेब्रुअरीमा मस्कोले युक्रेनमाथि आक्रमण सुरु गरेको केही हप्तापछि पोल्याण्डले शरणार्थीहरूलाई आश्रय दिन आफ्नो सीमा खुला गरेको थियो र युरोपेली संघ (इयू)ले उनीहरूलाई स्वतन्त्ररूपमा इयूमा आवतजावत गर्ने अधिकार दिएको थियो ।

‘निगरानी गर्न धेरै गाह्रो छ,’ विट्कोव्स्कीले भने, ‘कति जना युक्रेनी बालबालिका वा नागरिकले पोल्याण्डमा शरण लिएका छन् भनेर हामी ठ्याक्कै भन्न असमर्थ छौं । लगभग एक लाख ३४ हजार युक्रेनी केटाकेटीहरू ग्रीष्मकालीन बिदाअघि पोल्याण्डका विद्यालयमा पढ्थे । सेन्टर फर सिटिजनसिप एजुकेसनका अनुसार अहिलेसम्म २० हजारदेखि ८० हजार बालबालिका शिक्षा प्रणालीभन्दा बाहिर रहेका छन् ।

विट्कोव्स्कीले भने, ‘पोल्याण्डमा बच्चाहरूले दूर शिक्षा पठनपाठनलाई पछ्याइरहेका छन् ।’ आक्रमणपछि आफ्नी आमा नतालिया खोत्सिनोभ्स्कासँग पोल्याण्ड बसाइँ सरेका १२ वर्षीय इभानको अवस्था पनि अन्य हजारौं बालबालिकाको जस्तै छ । इवान गर्मीको समयमा पोलिस सिक्दै छन् उनकी आमाले अहिलेका लागि आफ्नो परिवारका लागि ‘नरम संकटकाल’को अवस्था रहेको बताए किनकि अहिले उनीहरूसँग भाषाको समस्याका कारण बोल्ने साथीसम्म पनि छैन । जे होस्, उनले छोरीलाई एक निजी युक्रेनी विद्यालयमा पठाउने विकल्प रोजेका छन् ।

खोत्सिनोभस्काले एएफपीसँग भने, ‘यहाँ हाम्रो कुनै साथी छैन, कुराकानी गर्ने कोही पनि छैन । यो आमाहरूका लागि पनि गाह्रो छ । कहिलेकाहीँ आफूलाई बच्चाले सिक्ने परिणाम र बच्चाको मनको शान्ति के रोज्ने भन्ने पनि दोधार हुने गरेको छ ।’ उनको छोराले वार्सामा क्याथोलिक इन्टेलिजेन्ट्सिया क्लब (केआइके) द्वारा सञ्चालित भाषा पाठ्यक्रम र एकीकरण गतिविधिहरूको शृंखलामा भाग लिएका छन् ।

‘ट्राम्पोलिन’ नाम दिइएको यो परियोजना युक्रेनी बच्चाहरू र उनीहरूका आमाबाबुलाई संक्रमणकालमा मद्दत गर्न डिजाइन गरिएको हो । आयोजकमध्येकी एक ओलेसिया कोलिस्निकले भनिन्, ‘यो पाठ्यक्रमले ‘धम्कीको जवाफ कसरी दिने, आमाबाबुलाई कसरी व्यवहार गर्ने’ शिक्षा दिन्छ । झण्डै ९९ प्रतिशतलाई उनीहरूको चालचलन, बोल्ने शैली र शैक्षिक क्षमताका कारण जिस्काइन्छ । विशेषज्ञहरूको चेतावनीलाई प्रतिध्वनित गर्दै कि यो युक्रेनी बच्चाहरूका लागि दुई प्रमुख समस्याहरूमध्ये एक हो ।’

### घुलमिलका लागि खेल र अन्य मनोरञ्जनात्मक क्रियाकलाप

सातदेखि नौ वर्ष उमेर समूहकी शिक्षिका पाउलिना स्क्रजिपेकले पोलिस र युक्रेनीबीच समानता भए पनि यसले शरणार्थी बालबालिकाको पक्षमा काम नगर्ने बताइन् । वार्साको एक प्राथमिक विद्यालयकी प्रधानाध्यापक दानुता कोजाकिविक्जका अनुसार युक्रेनी केटाकेटीले आफ्ना पोलिस साथीहरूसँग कसरी घुलमिल हुने भन्ने कुरामा भाषाले महत्त्वपूर्ण भूमिका खेल्छ ।

कोजाकिविक्जले फुटबल प्रतियोगितादेखि विद्यालयमा हुने विभिन्न एकीकरण कार्यक्रमहरू पनि आयोजना गर्छ । उनले भनिन्, ‘फुटबल प्रतिस्पर्धाको क्रममा, एक बच्चा पोलिसमा चिच्याइरहेको छ, अर्को युक्रेनीमा, तर उनीहरूलाई कुनै न कुनै तरिकाले थाहा छ कि के भइरहेको छ र उनीहरूले खेलको एउटै टोलीमा सहकार्य गर्न सक्छन् ।’ पोल्याण्डका थुप्रै युक्रेनी विद्यालयस्तरका केटाकेटीहरू अझै पनि घर फर्कन आतुर छन् । रुडले भनिन्, ‘उनीहरू हरेक दिन सामाजिक सञ्जाल हेर्छन् र समसामयिक घटनाहरूको सूचना प्राप्त गर्छन् । उनीहरू हरेक दिन घर फर्कने क्षणको पर्खाइमा छन् ।’ *रासस/एएफपी*

## युक्रेनी ड्रोन आक्रमणपछि रूसी इन्धन भण्डारमा आगलागी

मस्को– युक्रेनी ड्रोन आक्रमणपछि दक्षिणपश्चिम रूसको रोस्तोभ क्षेत्रमा रहेको इन्धन भण्डारमा आगलागी भएको क्षेत्रीय गभर्नरले बुधबार बताएका छन् । गभर्नर भासिली गोलुवेभले आगलागीले आवासीय घरहरू जोखिममा नपरेको उल्लेख गर्नुभयो ।

उनका अनुसार युक्रेनी सीमाबाट करिब २०० किलोमिटर टाढा रहेको छुट्टै युक्रेनी ड्रोन आक्रमणपछि अगस्ट १८ देखि रोस्तोभको प्रोलेटार्स्कमा रहेको तेल भण्डारण केन्द्रमा ठूलो आगलागी भएको छ । सन् २०२२ मा द्वन्द्व सुरु भएदेखि युक्रेन र रूसले एक अर्काका इन्धन तथा ग्यास सुविधाहरूलाई लक्षित गरी आक्रमण गरेका छन् । यसअघि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसका तेल भण्डारण लक्षित आक्रमण गरेकोमा सेनाको प्रशंसा गर्दै आक्रमणले द्वन्द्वको ‘न्यायपूर्ण अन्त्य’ हासिल गर्न योगदान पुर्‍याउने बताएका थिए । *रासस/एएफपी*


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL SHASHA AL SAGHEER TECH CONT**

पूर्व स्वीकृति मिति: २०८१/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१२ | LT. No. 305604 | चलानी नं. ६०२२०४७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 8 | 0 | 1200 | ४३,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४३,४३१ | | | | | | | |
| 3 | Construction Carpenter | 10 | 0 | 1200 | ४३,४३१ | | | | | | | |
| 4 | Tile Layer | 7 | 0 | 1200 | ४३,४३१ | | | | | | | |

**कम्पनी : ALSAQAR ALSARIE CLEANING SERVICES EST.**

पूर्व स्वीकृति मिति: २०८१/०५/११ | LT. No. 309563 | चलानी नं. ६०२२४२०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 11 | 1200 | ४३,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : RAYYAN AL-TAFUQ TRADING COMPANY**

पूर्व स्वीकृति मिति: २०८१/०५/१२ | LT. No. 309612 | चलानी नं. ६०२२४२९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING LABOUR | 2 | 0 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : BINAYAT AL ARABIAH BULDING MAINTENANCE**

पूर्व स्वीकृति मिति: २०८१/०५/१२ | LT. No. 309611 | चलानी नं. ६०२२४३००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning | 9 | 0 | 1200 | ४३,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

E.U. Bright
श्रम ईजाजत नं. ११७३/०७३/०७४

E.U.Bright Future Pvt. Ltd.
(PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal
Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com


## हरिवन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

### हरिवन नगरपालिका भित्र ब्यपारिक भवन (Shopping Complex) बहालमा दिने सम्बन्धी सूचना

तेश्रो पटक सूचना प्रकाशित मिति: २०८१/०५/१३

यस हरिवन नगरपालिका-११ भित्र रहेको ब्यपारिक भवन सञ्चालन गर्ने कार्यका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने गरि उक्त ब्यपारिक भवन (Shopping Complex), सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र हरिवन बजारको ब्यपारिक भवन व्यवस्थापन कार्यविधि, २०८० बमोजिम प्रतिस्पर्धात्मक रुपमा आय ठेक्काको बोलपत्र पेश गर्ने सम्बन्धी सूचना ।

तपशिल

| क्र.सं. | वोलपत्र नं. | वोलपत्रको नाम | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मूल्य (कर सहित) | धरौटी राख्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | HM/IR(Shopping Complex)01/2080/081 | व्यापारिक भवन (Shopping Complex) | रू. १,००,५६,००० /- | रू. १०,०६,०००/- | बोलपत्र खरिद रू ३०००/- फिर्ता नहुने गरी |

- बोलपत्र अनलाईन प्रक्रिया (E–bidding) बाट मात्र पेश गर्न सकिने र सो सम्बन्धी विस्तृत जानकारी हरिवन नगरपालिकाको वेवसाईट www.harionmun.gov.np वा www.bolpatra.gov.np/egp बाट लिन सकिनेछ ।

हरिवन नगरपालिका

## लालझाडी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
स्था. २०७३
सुदूरपश्चिम प्रदेश, नेपाल

### आन्तरिक आय सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति: २०८१/०५/१३)

आ.व. २०८१/०८२ का लागी यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने प्राकृतिक स्रोत कर संकलन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयवाट निर्धारित शर्तहरुको अधीनमा रही २०८१/०६/११ गते दिनको १२ बजे भित्र यस कार्यालयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp को माध्यमबाट विद्युतीय प्रति दर्ता गरि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठे.नं. | बोलपत्रको नाम | न्यूनतम कबोल रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|
| LAL/REV/NCB/081/082-01 | लालझाडी गा.पा. भित्र पर्ने लालझाडी-०५, अपि घाट र सिद्धनाथ बैजनाथ घाटको नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा व्यवस्थापन ठेक्का | ५३,७२,९०२.८६ | कबोल अंकको ५% | २०८१/०६/११ १२:०० बजे | २०८१/०६/११ १४:०० बजे |
| LAL/REV/NCB/081/082-02 | लालझाडी गा.पा. भित्र पर्ने लालझाडी-०४, ईटाहा बाबा घाट र सिकलपट्टी डाँगा जाई जोड्ने घाटको नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा व्यवस्थापन ठेक्का | ४५,०९,८४९.०० | | | |

विस्तृत जानकारी यस कार्यालयको Website: www.laljhadimun.gov.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
## Road Division Lahan
### NOTICE FOR INTENT TO ACCEPT THE BID

Date of Publication: 2081-05-13 (29th August, 2024)

1. Pursuant of Clause 27, Sub Clause 2 of Public Procurement Act 2063, this is to notify all the concerned bidders, participated in the bidding of the contract invited through Notice No. 01/RDLHN/081-82 published on 2081-04-02, it is our intention to accept the bid for execution of the following listed work.

| S.No. | Contract Identification No. | Qualified Bidders | Bid Amount (including VAT and PS) NRs. |
|---|---|---|---|
| 1. | RDLHN/33731 0113/081/82-01 | M/S Gaurinilkantha Construction And Suppliers Pvt.Lt Itahari-8, Sunsari | 2,780,107.93 |
| 2. | RDLHN/33731 0113/081/82-02 | M/S Bhim Laxmi Nirman Sewa , Lahan-1, Sirha, | 3,480,195.47 |
| 3. | RDLHN/33731 0113/081/82-03 | M/S Sah contruction, Kalyanpur-11, Sirha, | 1,899,349.20 |
| 4. | RDLHN/33731 0113/081/82-04 | M/S Jay Maa Kali Construction, Lahan-21, Sirha, | 2,928,406.30 |

Project Manager


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५३१०० | प्रति तोला - - | प्रति तोला - १८५५ |



**मकैबारी** | रुकुम पश्चिमको त्रिवेणी-२ घारिखर्कमा स्थानीयको बारीमा पाक्ने तयारीमा रहेको मकैबाली । यहाँका किसानको मुख्य बालीनै मकै हो । *तस्बिर : बलबहादुर ओली (बलेन्द्र)/रासस*

# राजस्व चुहावट नियन्त्रण गरी करमैत्री सेवा विस्तार गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं** – केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिले राजस्व चुहावट नियन्त्रण र करमैत्री सेवा विस्तार गरी चालु आर्थिक वर्षमा राजस्व संकलनको लक्ष्य पूरा गर्ने निर्णय गरेको छ । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षता, गृहमन्त्री रमेश लेखकसहित राजस्व संकलनमा महत्वपूर्ण भूमिका रहेका विभिन्न निकायका प्रमुखहरूको सिंहदरबारस्थित अर्थ मन्त्रालयमा बसेको बैठकले राजस्व संकलनको लक्ष्यलाई पूरा गर्न राजस्व प्रशासनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीको कार्य सम्पादन मूल्यांकनको महत्वपूर्ण आधार बनाउने निर्णय गरेको हो ।

बैठकले राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रीय द्रुत गस्ती टोली गठन गरी पूर्वदेखि पश्चिमसम्म परिचालन गर्ने निर्णय गरेको छ । राजस्व चुहावट नियन्त्रणसम्बन्धी व्यवस्थित कार्ययोजनालाई कार्यान्वयन



गर्ने, कानुनसम्मत कारोबार गरेका करदातालाई कुनै किसिमको असहज नहुनेतर्फ सजग रहने, गैरकानुनी आर्थिक गतिविधि गर्ने कसैलाई छुट नदिने निर्णय गरिएको अर्थमन्त्री पौडेलले जानकारी दिए ।

राजस्व चुहावटलाई नियन्त्रण गर्न अर्थ र गृह मन्त्रालयअन्तर्गतका विभिन्न निकायबीच प्रभावकारी रूपमा समन्वय गरी अघि बढ्ने निर्णय पनि बैठकले गरेको छ । बैठकमा अर्थमन्त्री पौडेलले राजस्व चुहावट गर्ने कसैले छुट नपाउने उल्लेख गर्दै एउटै व्यक्ति एउटै जिम्मेवारी र स्थानमा लामो समय रहँदा हुनसक्ने अनपेक्षित सम्बन्धलाई 'ब्रेक' गर्नेगरी राजस्व प्रशासनसँग जोडिएका कर्मचारी र प्रहरीको 'पोष्टिङ' गर्न निर्देशन दिए ।

अर्थमन्त्री पौडेलले सीमा नाकाहरूमा स्क्यानरसहितका आधुनिक प्रविधिको प्रयोगमार्फत निगरानीलाई प्रभावकारी बनाउन, आयातीत वस्तुको वर्गीकरण तथा मूल्यांकनलाई यथार्थपरक बनाउन, बजारमा बिलबीजक लिने-दिने कार्यलाई प्रोत्साहन गर्नाका साथै नक्कली बीजक वा फार्म खडा गरी हुनसक्ने राजस्व चुहावटप्रति गम्भीरतापूर्वक अनुसन्धान गर्न निर्देशन दिए । निष्ठा र दृढताका साथ आफ्नो जिम्मेवारीमा अघि बढ्नुपर्ने भन्दै उनले राजस्व प्रशासन र सुरक्षाकर्मीका पाइलाहरू गुणात्मक रूपमा उचाइमा पुग्ने विश्वास व्यक्त गरे ।

गृहमन्त्री रमेश लेखकले राजस्व चुहावट नियन्त्रण गरी राजस्वको लक्ष्य पूरा गर्न गृह मन्त्रालयले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले कर तिर्नका लागि प्रोत्साहन गर्न आग्रह गरे ।

बैठकमा अर्थ सचिव, राजस्व सचिव, आन्तरिक राजस्व विभागका महानिर्देशक, भन्सार विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत अधिकारीहरूले राजस्व चुहावट नियन्त्रणका लागि सूचनाको आदानप्रदानलाई प्रभावकारी बनाई एकअर्कामा समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# बेलायत सरकारसँग समझदारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालय र बेलायत सरकारबीच वित्तीय सहयोगसम्बन्धी दुई छुट्टाछुट्टै समझदारीपत्रमा बुधबार हस्ताक्षर भएको छ । अर्थ मन्त्रालयमा 'नेपालमा उत्थानशीलता, अनुकूलन र समावेशी (रेन) कार्यक्रम' र प्रणाली सुदृढीकरणमार्फत लैगिक र मानव विकासका परिणामहरू वृद्धि गर्न 'सामर्थ' कार्यक्रममा समझदारी भएको हो ।

अर्थ मन्त्रालयका अनुसार नेपालमा उत्थानशीलता, अनुकूलन र समावेशी कार्यक्रमका लागि ३८ दशमलव पाँच मिलियन स्टर्लिङ पाउण्ड र सामर्थ कार्यक्रमका लागि ३८ दशमलव आठ मिलियन स्टर्लिङ पाउण्ड बेलायत सरकारबाट वित्तीय अनुदान सहयोग उपलब्ध गराउने गरी सहमति भएको छ । नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मा र बेलायत सरकारका तर्फबाट बेलायती राजदूतावास काठमाडौंका विकास निर्देशक तथा उपराजदूत पिप्पा बर्डले हस्ताक्षर गरेका हुन् ।

जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित बनेका क्षेत्रका स्थानीय सरकार र समुदायको क्षमता अभिवृद्धि गर्नुका साथै कर्णाली, लुम्बिनी र मधेश प्रदेशमा मानव पुँजी निर्माण र सेवा प्रवाहमा सुधार ल्याउने लक्ष्यका साथ दुवै कार्यक्रमका लागि सहयोग उपलब्ध भएको अर्थ मन्त्रालयका सहसचिव शर्माले बताए ।

मन्त्रालयका सहसचिव शर्माले रेन कार्यक्रम गृह मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले क्रमशः विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनलाई सुदृढ गर्नका लागि लागू गरिने जानकारी दिनुभयो । रेन कार्यक्रम लुम्बिनी र मधेश प्रदेशमा सञ्चालन हुने छ । साथै गुणस्तरीय शिक्षामा विशेष ध्यान केन्द्रित गरी प्रभावकारी सामाजिक सेवामा पहुँच विस्तार गर्ने उनले बताए ।

'समय कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागू गर्नेछ । सामर्थ कार्यक्रम लुम्बिनी र मधेश प्रदेशमा सञ्चालन गरिने छ । यसले नेपाल र बेलाायतबीचको सौहार्दपूर्ण तथा विकासको क्षेत्रमा बेलायतले निरन्तर गरिरहेको सहयोगको प्रमाण प्रस्तुत गर्नेछ', शर्माले भने, 'दुवै कार्यक्रमका उद्देश्यहरू प्राप्त गर्नका लागि सम्बन्धित मन्त्रालयले प्रभावकारी रूपमा समन्वय गर्नेमा हामी विश्वस्त छौं ।'

अर्थ मन्त्रालयमा भएको हस्ताक्षर समारोहमा बेलायती दूतावासका विकास निर्देशक तथा उपराजदूत बर्डले सामाजिक सेवा, जलवायु परिवर्तन र मानव पुँजी विकासमा बेलायतले सहयोग गर्दै आइरहेको जानकारी दिए । 'हामी जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्न नेपाललाई सहयोग गर्न प्रतिबद्ध छौं', उनले भने, 'क्षेत्रीयस्तरमा मानवीय स्वास्थ्यमा देखिएको सम्भावित खतरा र सामाजिक सेवा प्रदान गर्न आवश्यक वित्तीय सहयोग निरन्तर रहने छ ।'

दुवै कार्यक्रमले प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका जोखिम सामना गर्न, जोखिम न्यूनीकरण गर्न तथा आधारभूत सेवाहरूको वितरणमा सुधार गर्न पनि सहयोग पुग्ने अपेक्षा गरिएको बेलायती दूतावासका विकास निर्देशक तथा उपराजदूत बर्डले उल्लेख गरे । बेलायत र नेपालबीचको दुई सय वर्ष पुरानो विश्वसनीय साझेदारीलाई थप मजबुत बनाउँदै स्वास्थ्य, शिक्षा, पानी र सरसफाइ, जलवायु अनुकूलन, र प्राकृतिक प्रकोप न्यूनीकरणका लागि सहयोग पुग्ने विश्वास लिइएको छ ।

# सामान्य अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** यो सातामा कारोबारका अघिल्ला दुई दिन लगातार उच्च अंकले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार भने सामान्य अंकले बढेको छ । नेप्से परिसूचक तीन दशमलव ८० अंकले बढेर दुई हजार सात सय ८६ दशमलव ४० को विन्दुमा कायम भएको हो ।

दुई सय २६ कम्पनीको तीन करोड ५० लाख सात हजार ३९ कित्ता शेयर एक लाख ६८ हजार एक सय ७५ पटक खरिदबिक्री हुँदा रु १३ अर्ब ७२ करोड ७३ लाख ६८ हजार तीन सय ९३ बराबरको कारोबार भएको छ । कारोबारमा बैंकिङ शून्य दशमलव ९२, होटल तथा पर्यटन शून्य दशमलव ०९, जलविद्युत् शून्य दशमलव ४९ र लगानी एक




दशमलव ०१ प्रतिशतले बढेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०३, म्युचुअल फण्ड शून्य दशमलव ९३ र अन्य समूह शून्य दशमलव ०९ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । व्यापार एक दशमलव ४३, निर्जीवन बीमा शून्य दशमलव ९७, लघुवित्त एक दशमलव ०८, जीवन बीमा शून्य दशमलव ४४, वित्त एक दशमलव ६९ र विकास बैंक शून्य दशमलव ८० प्रतिशतले घटेको छ । लिबर्टी इनर्जी कम्पनी लिमिटेड, हिमालयन हाइड्रोपावर लिमिटेड र मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ८८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै चन्द्रागिरि हिल्स लिमिटेडको रु ४३ करोड सात लाख ८६ हजार नौ सय बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सफ्याका आधारमा हाइड्रोइलेक्ट्रिस सिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको १० लाख ६० हजार दुई सय ८४ कित्ता शेयर खरिदबिक्री भएको छ ।

## मध्यभोटेकोसी चाँडो सम्पन्न गर्न निर्देशन

**सिन्धुपाल्चोक (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सिन्धुपाल्चोकको बाह्रबीसेमा निर्माणाधीन मध्यभोटेकोसी जलविद्युत् आयोजनालाई चाँडो सम्पन्न गर्न निर्देशन दिएका छन् ।

सिन्धुपाल्चोकको बाह्रबीसेस्थित पलाँतीमा निर्माणाधीन मध्यभोटेकोसी जलविद्युत् आयोजनको पावरहाउस तथा सवस्टेशनको बुधबार स्थलगत निरीक्षण गर्दै उनले दुई महिनाभित्र विद्युत् उत्पादन हुनेगरी आयोजनाको काम तीव्र गतिमा सम्पन्न गर्न निर्देशन दिएका हुन् ।

'आयोजना निर्माणका क्रममा देखिएको समस्या समाधानमा मन्त्रालयले काम गर्छ, तपाईंहरू दिनरात नभनी आयोजना सम्पन्न गर्न लाग्नुहोस्', उनले भने ।

मन्त्री खड्कासँगै ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम), नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, मन्त्रालयका सहसचिव सन्दीप देवलगायतले पावरहाउस तथा सवस्टेशनको निरीक्षण गरेका थिए ।

पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढी, धमिलो तथा बर्षात्को पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुंगी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्यांकी समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

# कुमारी बैंक र र्‍याडिसन होटलबीच सम्झौता

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेड र र्‍याडिसन होटल (लाजिम्पाट, काठमाडौं) बीच कुमारी बैंक लिमिटेडका डेबिट कार्ड तथा क्रेडिट कार्डका प्रयोगकर्ताहरूलाई होटलबाट प्रदान गरिने बिभिन्न सेवा तथा सुबिधाहरूमा आर्कषक छुट प्रदान गर्ने सम्झौता भएको छ ।

सम्झौता अनुशार कुमारी बैंक लिमिटेडका डेबिटकार्ड तथा क्रेडिटकार्ड प्रयोगकर्ताले र्‍याडिसन होटल बाट प्रदान गरिने खाद्य तथा पेय पदार्थमा १५ प्रतिशत, पेस्ट्री सपमा १० प्रतिशत, फिटनेस सम्बन्धि सेवामा २० प्रतिशत, ट्रानक्विलिटी स्पा तथा एअरपोर्ट रेष्टुरेन्ट सेवामा



१५ प्रतिशत र केकहरूमा १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् । यस सुविधाबाट बैंकका सेवाग्राहीहरूले गुणस्तरिय सेवा प्राप्त गर्नुका साथै होटलबाट प्रदान गरिने सेवा सुविधाहरू सहुलियतदरमा प्राप्त गर्न सक्नेमा बैंक विश्वस्त रहेको छ ।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५७ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिःarketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ